# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

वैशाख २१, २०७७

*सन्दर्भ : विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३)*

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्नु सबैको कर्तव्य ।

आज विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग सम्पूर्ण सञ्चारकर्मीहरुलाई शुभकामना व्यक्त गर्दछ ।

'भय र पक्षधरतामुक्त पत्रकारिता' भन्ने नाराका साथ विश्व प्रेस स्वतन्त्रता दिवस २०२० मनाइरहेको अवस्थामा नेपालमा गत वर्षभन्दा यस वर्ष बढी पत्रकारहरु पीडित हुन पुगेको स्थितिप्रति आयोगले चिन्ता व्यक्त गरेको छ । जस्तोसुकै सङ्कटको अवस्थामा पनि चुनौतीहरुको सामना गर्दै अहोरात्र कार्यक्षेत्रमा खटिने पत्रकारहरु भौतिक रुपमा असुरक्षित भएको, अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लागेको, अदालतले रिहा गर्ने आदेश दिँदा पनि पत्रकारहरु पुनः सुरक्षाकर्मीबाट पक्राउ पर्ने गरेको, पत्रकारहरुप्रति असहिष्णु व्यवहार हुने गरेको, सञ्चारकर्मीको कार्यप्रति नै प्रश्न खडा गरिएको, समाचार सङ्कलनका लागि स्थलगत रुपमा खटिँदा पत्रकारलाई हतोत्साहित गरिएको तथा समाजिक सञ्जालमा लेखेको आधारमा विभेदपूर्ण तवरले साइबर अपराधमा मुद्दा चलाउने गरिएको जस्ता सूचनाहरु राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त भएका छन् ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघको प्रतिवेदन सार्वजनिक गर्दै आज आयोगका अध्यक्ष अनूप राज शर्माले सरकारबाट पत्रकारहरुको सुरक्षा हुनुपर्नेमा त्यसको विपरीत असहिष्णु व्यवहार भएको र अभिव्यक्ति स्वतन्त्रतामा आँच आउने प्रकृतिका विधेययकहरु संसदमा पेश गरिएको प्रति लक्षित गर्दै सरकार स्वतन्त्र प्रेसप्रति गम्भीर प्रतिबद्ध छैन कि भन्दै मुख थुन्न र हात बाँध्न सकिए पनि मस्तिष्कमा उब्जने विचार रोक्न नसकिने बताउनुभयो । प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारको सम्बन्ध अन्योन्याश्रित रहने भन्दै पत्रकारले पनि नेताका मात्र नभएर जनताका समाचारलाई प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो । प्रेस स्वतन्त्रता पत्रकारहरुको लागि मात्र आवश्यक हुने नभै सबै नागरिकहरुको आवश्यकता भएकोले प्रेस स्वतन्त्रताको लडाइँमा नागरिक समाज र मानव अधिकाकारकर्मीहरु समेत साथै रहनुपर्ने र पत्रकारहरुले पनि दबाब र भयमुक्त भै सत्य र तथ्यपरक पत्रकारिता गर्नुपर्ने भन्दै हालको कोभिड-१९ को कारणबाट उत्पन्न परिस्थितिमा अभिव्यक्ति स्वतन्त्रताको अनुगमनलगायतका विषयमा आयोगले पत्रकार महासंघसँग सहकार्य गरिरहेको बताउनुभयो ।

संविधानप्रदत्त नागरिकको सूचनाको हक प्रत्याभूतिका लागि अभिव्यक्ति स्वतन्त्रताको अहम भूमिका हुने हुँदा सुरक्षाकर्मी तथा जिम्मेवार निकायबाट पत्रकारहरुमाथि हुने गरेको दुर्व्यवहार र हतोत्साहन कानुनी शासन, लोकतन्त्र र मानव अधिकारका मूल्य मान्यता एवम् नेपालको संविधानको प्रस्तावना, धारा १७ (२) (क), धारा १९, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महसन्धि, १९६६ को धारा १९ को समेत प्रतिकूल हुने देखिन्छ ।

अतः विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न एवम् पत्रकारको सुरक्षा र स्वतन्त्रताको रक्षा गर्न आयोग नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

......................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org